आज मिति २०७५।०६।१८ गतेका दिन यस चौदण्डीगढी न.पा. को नगर बोर्ड बैठक नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बासियो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुब्बेदी - " " २
५. श्री परशुराम राई - " " ३
६. श्री चरण कुमार राई - " " ४
७. श्री देवनारायण चौधरी - " ५
८. श्री कुमलध्वज राई - " ६
९. श्री तेजराज तिम्सिना - " ७
१०. श्री श्याम बो मगर - " ८
११. श्री प्रकाश राउत - " ९
१२. श्री राम कुमार खड्का - " १०
१३. श्री देवी कार्की - न.का.स.
१४. श्री जानुका कुमार - "
१५. श्री मदन कुमारी कार्की - "
१६. श्री विमला राई - "
१७. श्री डोमा शेर्पा - "
१८. श्री आरमिता नेपाली - "
१९. श्री प्रमिला दनुवार - "
२०. श्री सुन्दर प्रकाश राई - "
२१. श्री राजेन्द्र कार्की. प्रमुख प्रशासकीय अधिकृत
२२. श्री नविन कुमार राई - लेखापाल
२३. श्री नेत्र बो वि.क. - खरिदार

प्रस्तावहरु

१. शिक्षा कार्यविधि पास गर्ने सम्बन्धमा ।
२. नगर खेलकुद कार्यविधी पास गर्ने सम्बन्धमा ।
३. ऐलानी प्रती जग्गाको विवरण संकलन गर्ने सम्बन्धमा ।
४. नदीजन्य पदार्थ उत्खनन सम्बन्धी सूचना संशोधन बारे ।

(५) सोलार मर्मत सम्बन्धमा ।
६, त्रियुगा नदीको सिवारघाट र ज्यामिरे घाटमा होमपाइप लगाई ग्राबेल गर्ने बारे ।
७, ग.त. आ.व.को क्रमागत भुक्तानी सम्बन्धमा ।
८, डाँफे/ कान्छाराम/ देव एण्ड सप्लायर्सश्री लाई नदिजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा ।
९, न.पा.को नागरिक वडापत्र र खरिद योजना स्वीकृत गर्ने बारे ।
१०, सर्पदंश उपचार सम्बन्धमा ।
११. ई.प्र.का.र स.प्र. बेश बाट माग भएको मौलो पूजा सम्बन्धमा,
१२, विद्युत विस्तारको लागी स्वीकृत नगर स्तरीय योजना संचालन सम्बन्धमा ।
१३, वडा कार्यालय भवन सम्बन्धमा ।
१४, वडा नं. १ छहल्लाको बिद्युत जडानको खर्च सम्बन्धमा ।
१५, वडा नं. १० को कार्यालय सहयोगी सम्बन्धमा ।
१६, नगर स्तरीय लाभित समिति अनुमोदन सम्बन्धमा ।
१७, जितिया पर्व / लाखे पर्व तथा आदीवासी जनजातिको भुक्तानीको
१८, स.प्र. भवन निर्माण उपभोक्ता समितिको खाता संशोधन बारे ।
१९, खेलकुद दिवस सम्बन्धमा । २०, बहुक्षेत्रीय पोषण सम्बन्धमा । २१, मेला संचालन सम्बन्धमा ।

छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नम्बर १ माथि छलफल गर्दा शिक्षा क्षेत्रको विकासको लागि नीतिगत रुपमा आवश्यक कार्यक्रम संचालन गर्ने गरी न.पा. द्वारा तयार गरेको नगर शिक्षा कार्यविधि आवश्यक संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं.२ प्रस्ताव नम्बर २ माथि छलफल गर्दा नगर खेलकुद विकासको लागि तयार गरिएको कार्यविधि संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं.३ प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा यस नगरको जटिल समस्याको रुपमा रहेको अव्यवस्थित बसोबास को सम्बन्धमा आवश्यक नीति तयार गरी ~~...~~ व्यवस्थापन गर्नु पर्ने भएको हुँदा नगर क्षेत्रमा बसोबास गर्ने सुकुम्बासी तथा ऐलानी प्रति जग्गामा बसोबास गर्ने मानिसहरुको यथार्थ विवरण संकलन गर्ने प्रक्रिया अगाडी बढाउन

निर्णय गरियो ।

ति.नं.४ :- प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा यस न.पा. द्वारा नदिजन्य पदार्थ उत्खनन सम्बन्धि मिति २०७२।०५।०३ गते प्रकाशीत सूचनाको ठेक्का नम्बर ०५।०७२।०७३ गीट्टीको कोलममा लाम्चा खोला छुटेको साथै बुँदा नम्बर १२ मा समेत त्रुटि भएको हुँदा उक्त सूचना संशोधन गरि सूचना प्रकाशन गर्ने र लामा खोलाबाट १० हजार घन मिटर गिट्टी उत्खनन गर्ने निर्णय गरियो साथै उत्खन भएको नदिजन्य पदार्थ निकासीमा स्थानीय उपभोक्तालाई प्राथमिकता दिने ~~प्रयाप्त मात्रामा~~ साथै उत्खनन भएको नदिजन्य पदार्थ जिल्ला निकासि समेत गर्ने गरि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

ति.नं.५ प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा यस नगर क्षेत्रमा जडान गरिएका सडक सोलार बत्तिहरु मध्ये करिब ६५ वटा स्थानमा राखिएका बत्तिहरु बिग्रिएको र उक्त बत्तिहरु मर्मतको लागि करिब १६,००,०००।- खर्च लाग्ने प्रारम्भिक लागत ~~~~ लाग्ने स्टीमेट पेश भएको हुँदा न.पा.को ~~मर्मत~~ स्वीकृत वार्षिक कार्यक्रमको मर्मत सम्भार कोष बाट खर्च गर्ने गरी उक्त सोलारहरु मर्मत गराउने निर्णय पारित गरियो ।

ति.नं.६ प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा यस न.पा.को त्रियुगा नदिमा रहेका ज्यामिरे घाट र रिवाङ घाटमा नदिपार गर्ने कार्यको लागि नदिमा ह्युमपाइप तथा ग्राभेल गर्नु पर्ने भएको हुँदा सो को लागि स्टीमेट गराई न.पा.को मर्मत सम्भार कोष बाट खर्च गर्ने गरी आवश्यक कार्य अगाडी बढाउने निर्णय गरियो ।

ति.नं.७ प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा यस न.पा.को गत आ.व. २०७४।०७५ को स्वीकृत कार्यक्रम अनुसार सोही आ.व.मा प्रक्रिया शुरु भई चालु आ.व.मा भुक्तान हुनु पर्ने कामहरु चालु आ.व.को बजेटमा —

समेत क्रमागत योजनाको रुपमा शीर्षकमा हाल कार्य सम्पन्न भई भुक्तान माग भई आएको हुँदा तपसिल अनुसारको कार्यक्रमको भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

१. सक्शन मेशिन खरिद
२. DSJ मेशिन खरिद
३. सशस्त्र भवन निर्माण
४. बसपार्क निर्माण ।

साथै वडा नम्बर ४को गत आ.व.को बाँकी रकम बाट सोही वडाको लालीगुराँस महिला भवन निर्माण भएकोले उक्त महिला समूह लाई रकम भुक्तानी दिने भनी वडा बाट निर्णय भई आएको हुँदा उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

नि.नं.८ प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा डाँफे / कान्छाराम / देव एण्ड सापर जे.भी.ले यस कार्यालयमा माग गरेको निवेदन बमोजिम यस न.पा.को स्वीकृत IEE प्रतिवेदन को आधारमा स्वीकृत परिमाण भित्र रहि नदीजन्य पदार्थ सम्बन्धी स्वीकृत दररेट अनुसार शुल्क लिई उपलब्ध गराउने निर्णय गरियो । साथै नदीजन्य पदार्थ प्रशोधन गरी समेत लैजान सक्ने निर्णय गरियो ।

नि.नं.९ प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा न.पा.ले तयार गरेको वार्षिक खरिद योजना र नागरीक वडापत्र — स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

नि.नं.१० प्रस्ताव नम्बर १० माथि छलफल गर्दा यस द्वारा संचालित सर्पदंश उपचार केन्द्रमा श्री १८ नं. वाहीनी बाट खटाईएको सेनाको टोली लाई मिति २०७६/०६।२४ गते देखि बिदा दिने निर्णय गरियो साथै आगामी वर्ष फाल्गुण महिना बाट नै सर्पदंश उपचार को लागी श्री नं.१८ वाहीनी संग उपचार कोलागी प्राविधिक टोली माग गर्ने निर्णय गरियो ।

नि.नं.५१ प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा स्थानीय सुरक्षा निकायहरूबाट ~~मौलो~~ वडादशैंको अवसरमा वडा भोजको आयोजना सहित मौलो पुजाको लागि आर्थिक सहयोग माग भई आएको हुँदा न.पा.को विविध शीर्षक बाट खर्च लेख्ने गरी तपसिले अनुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. इ.प्र.को. वेलदार रु. २०,०००।-
२, स.प्र.वेश वेलदार रु. २०,०००।-
३, प्रहरी चौकी वसाहा रु. १०,०००।-
४, ,, सुन्दरपुर रु. १०,०००।-
५, ,, हडिया रु. १०,०००।-
६, कारागार कार्यालय गाइघाट रु. १५,०००।-

नि.नं.५२ प्रस्ताव नम्बर १२ माथि छलफल गर्दा यस न.पा.को चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार न.पा. भरि विद्युतको लागी रु.५० लाख वजेट विनियोजन भएकोमा उक्त वजेट बाट तपसिल अनुसार विद्युत विस्तारको कार्य गर्ने गरि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै वडा नं. १ को विद्युत विस्तार तर्फको ३० लाख को समेत । तपसिल

१. ट्रान्सफर्मर खरिद रु - २०,००,०००।-
२, फलामे पोल खरिद रु. ११,००,०००।-
३, सिमेन्टपोल तथा तार खरिद रु. १९,००,०००।-
} ५०,००,०००।-
४, नगरको पुँजीगत तर्फ वडा नं. १ विद्युत विस्तार रु. ३०,०००।-

नि.नं.५३ प्रस्ताव नम्बर १३ माथि छलफल गर्दा न.पा.को वडा कार्यालयहरूको भवनको प्रति भवन रु.५८,५०,०००।- लागत स्टीमेट सहित ड्राइङ डिजाइन तयार भएको ~~हुँदा~~ र प्रति भवन ३४,००,०००।- लाखको दरले वजेट विनियोजन भएको हुँदा उक्त विनियोजित रकम भन्दा माथिको बाँकी रकम आगामी आ.व.मा क्रमागत रूपमा भुक्तानी गर्ने गरि ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**नि.नं.१४** प्रस्ताव नम्बर १४ माथि छलफल गर्दा यस न.पा.को १० नम्बर वडा कार्यालयको कार्यालय सहयोगी अवकाश भई जानु भए पश्चात तत्काल कार्यालय सहयोगीको काम काज गर्न वडाको निर्णय बमोजिम मिति २०७९ श्रावण १ गते देखी गणेश प्र. पौडेल लाई कामकाज लगाए रहेको हुँदा निज लाई सोही मिति देखि लागु हुने गरी कार्यालय सहयोगी पदमा ज्यालादारीमा नियुक्ति गरी अन्य की.सि. सरह पारीश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**नि.नं.१५** प्रस्ताव नम्बर १५ माथि छलफल गर्दा नगर स्तरीय लक्षित ~~समूह~~ समिति संयोजक हरुले पूर्ण समिति बनाई पेश गर्नु भएको हुँदा सोही अनुसार उक्त समिति हरु अनुमोदन गर्ने निर्णय गरियो ।

**नि.नं.१६** प्रस्ताव नम्बर १६ माथि छलफल गर्दा न.पा. क्षेत्रमा मनाइने परम्परागत सांस्कृत पर्वहरुमा भएका खर्चहरुको भुक्तानी माग भई आएको हुँदा तपसिल अनुसार – शीर्षक बाट तपसिल अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

१. आदीवासी जनजाति महासंघ नगर समितिको जनजाति दिवसको बाँकी रकम रु. ६४,०००।- (जनजाति तर्फ – विनियोजीत रकम बाट)

२. जितिया पर्व संचालन खर्च रु. २,००,०००।- (महिला तर्फ विनियोजित रकम बाट)

**नि.नं.१७** प्रस्ताव नम्बर १७ माथि छलफल गर्दा न.पा. द्वारा उपभोक्ता समिति मार्फत निर्माण भई रहेको सशस्त्र भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष शंकर थापा अस्वस्थ बिरामी भै उपचारको लागि जानु भएकोमा उपचारमा लामो समय सम्म बस्नु पर्ने भएको र हाल मञ्जुरीनामा समेत दिन नसक्ने गरी बिरामी अवस्थामा

रहनु भएको हुँदा अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतमा संचालित उक्त समितिको बैंक खाता उक्त समितिको सचिव र कोषाध्यक्षको मात्र संयुक्त दस्तखतमा संचालन गरी कार्य संचालन गर्ने व्यवस्थाको लागि बैंकलाई लेखि पठाउने निर्णय गरियो ।

नि.नं.१८ :- प्रस्ताव नम्बर १८ माथि छलफल गर्दा नारदमुनि गोल्ड-कप फुटबल प्रतियोगिता संचालनको तयारीमा रहेकोमा उक्त आयोजक र न.पा. कर्मचारी तथा जनप्रतिनिधि समेत खेल्ने तयारी भएको हुँदा न.पा.को तर्फबाट सहभागी जनप्रतिनिधि तथा कर्मचारी खेलाडी हरुको लागि न.पा.को विविध तर्फ विनियोजित रकमबाट रु. ४५,०००।- ड्रेस खरिद लगाएतको लागि उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.१९ :- प्रस्ताव नम्बर १९ माथि छलफल गर्दा नारदमुनी गोल्डकप संचालन सहयोगार्थ बसाहा क्लबको आयोजना मा वडा नं.४ मा र शिवालय मन्दिर निर्माण सहयोगार्थ वडा नं.१० ले मिनिमेला संचालनको लागि सिफारिस माग गरेको हुँदा जुवा, तास जाँड रक्सी जस्ता विकृति अन्य खेलहरु बाहेक मनोरञ्जनात्मक र ज्ञानवर्द्धक - इनस्टलमात्र राख्न पाउने गरी उक्त दुवै वडालाई मेला संचालनको लागि अनुमति दिने निर्णय गरियो ।

नि.नं.२० :- प्रस्ताव नम्बर २० माथि छलफल गर्दा यस न.पा. अन्तर्गत संचालित बहुक्षेत्रीय पोषण कार्यक्रमको लागी तपसिल अनुसारको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

[signatures]

[signature]

## वहु क्षेत्रिय पोषण तर्फ आ.व. ०७५।७६ को स्वीकृत कार्यक्रम

| क्र.स. | कार्यक्रमको नाम | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | MSNP Volunteer पारिश्रमिक | १,४४,०००।०० | सा.वि. |
| २ | पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमित बैठक | ४९,१००।०० | सा.वि |
| ३ | वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमित बैठक तथा अभिमुखिकरण र समिति गठन | १,२८,१००।०० | सा.वि |
| ४ | पालिका स्तरिय बहुक्षेत्रीय पोषण सम्बन्धि १ दिने समिक्षा गोष्टी | ४१,६५०।०० | सा.वि |
| ५ | बहुक्षेत्रिय पोषण योजना कार्यक्रम बारेमा जनसमुदायमा जानकारी गराउने उद्देश्य अनुरुप Hooding board tyf IEC material development | ८४,३५०।०० | सा.वि |
| ६ | प्रतिबेदन लेख्न | १०,०००।०० | सा.वि |
| ७ | बहेक्षेत्रीय पोषण कार्यक्रमको संयुक्त अनुगमन तथा फिल्ड खर्च | ९०,०००।०० | सा.वि |
| ८ | अभिभावक भेला पोषण बारे छलफल र Tiffin Box, School Bag and Water Bottle Distribution to CDC school | २,७८,०००।०० | शिक्षा |
| ९ | गरिब, बिपन्न तथा दलित समुहका सुनौला १००० दिनका महिलालाई पोषण सम्बन्धि एकिकृत तालिम( शिक्षा, पशु, कृषि, खानेपानि, महिलाबिकास, स्वास्थ्य, सुशासन) | ८४,६००।०० | कृषि |
| १० | तरकारी किट र तरकारीको बिउ बितरण (गरिब, बिपन्न तथा दलित समुहका सुनौला १००० दिनका महिलाहरुलाई) | १,१८,८००।०० | कृषि |
| ११ | गरिब, बिपन्न तथा दलित समुहका सुनौला १००० दिनका महिलालाई पोषण सम्बन्धि एकिकृत तालिम( शिक्षा, पशु, कृषि, खानेपानि, महिलाबिकास, स्वास्थ्य, सुशासन) | ८४,६००।०० | पशु |
| १२ | १००० दिनका आमाहरुलाई कुखुरा बितरण तथा खोर निमार्ण १२ हप्ते चल्ला प्रति ब्यक्ति ५ वटा ४० जना लाई | १,४८,०००।०० | पशु |
| १३ | गरिब, बिपन्न तथा दलित समुहका सुनौला १००० दिनका महिलालाई पोषण सम्बन्धि एकिकृत तालिम( शिक्षा, पशु, कृषि, खानेपानि, महिलाबिकास, स्वास्थ्य, सुशासन) | ८४,६००।०० | स्वास्थ्य |
| १४ | गरिब, बिपन्न तथा पछाडी परेका समुहका सुनौला १००० दिनका महिला तथा तिनका परिवार लाई हातधुने सामाग्री बितरण | २,४०,०००।०० | स्वास्थ्य |
| १५ | गरिब, बिपन्न तथा दलित समुहका सुनौला १००० दिनका महिलालाई पोषण सम्बन्धि एकिकृत तालिम( शिक्षा, पशु, कृषि, खानेपानि, महिलाबिकास, स्वास्थ्य, सुशासन) | ८४,६००।०० | म.तथा वा. |
| १६ | सासु बुहारी र श्रीमान लाई अन्तक्रिया कार्यक्रम (गरिब, बिपन्न तथा पछाडी परेका गर्भबती तथा सुत्केरी महिला) | २,०७,६००।०० | म.तथा वा. |
| जम्मा | | १८,७८,०००।०० | |